मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

रोग-भय मुक्तिका लागि वैदिक चिकित्सा : पृष्ठ २

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १७९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ जेठ १५ गते विहीबार (Thursday, May 28. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-




## खाद्यान्न पसल जोर गते, हार्डवेयर बिजोर गते

**बिर्तामोड ,जेठ १४।** विश्वमा महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको संक्रमणबाट वच्न सरकारले जारी गरेको लकडाउन उल्लंघन बढेको भन्दै बिर्तामोड नगरपालिका कोरोना संक्रमण रोकथाम तथा राहत व्यवस्थापन समितिले गरेको विर्तामोड शीललाई केही खुकुलो बनाइएको छ ।

बिर्तामोड नगरपालिका कोरोना संक्रमण रोकथाम तथा राहत व्यवस्थापन समितिको मंगलबार र बुधबार बिर्तामोड नगरपालिकामा स्थानीय राजनीतिक दलका प्रतिनिधि, उद्योग वाणिज्य संघका प्रतिनिधि, सुरक्षा निकायका प्रमुख र विज्ञ समितिका प्रतिनिधिसहितको वैठकले यस्तो निर्णय गरेको हो ।

बिर्तामोड नगरपालिका कोरोना संक्रमण रोकथाम तथा राहत व्यवस्थापन समितिकी संयोजक तथा बिर्तामोड नगरपालिकाकी उपमेयर पवित्रा महतारा प्रसाईंको अध्यक्षतामा भएको वैठकले पालो मिलाएर अत्यावश्यक वस्तु तथा सेवा सञ्चालन गरिने भएको हो ।

वैठकले जेठ १६ गतेदेखि लागू हुने गरी खाद्यान्न पसलहरु जोर गते बिहान ७ बजेदेखि १० बजेसम्म खोल्न पाइने निणर्य गरेको छ । त्यस्तै जेठ १७ गतेदेखि लागू हुने गरी हार्डवेयर पसल विजोर गते बिहान ७ बजेदेखि १० बजे सम्म खोल्न पाइने निर्णय गरेको छ ।

यस्तै बैंक तथा बित्तीय संस्थाहरु बैंकर एसोशिएसनले सार्वजनिक गरेको सूचना अनुसार एक दिन बिराएर आलोपालो गरी १० बजेदेखि १ बजेसम्म खोल्ने निर्णय भएको छ। सहकारी संस्थाहरु समेत १० बजेदेखि १ बजेसम्म खोल्ने निर्णय भएको छ ।

पहाडी क्षेत्रमा ढुवानी भएर जाने खाद्यान्न सामग्रीको थोक कारोबारको लोड विहान ७ बजेदेखि १० बजेसम्म र अनलोड बेलुका ६ बजेदेखि विहान ६ बजेसम्म गर्ने निर्णय भएको छ। तरकारीको विक्री वितरण घुम्ती सेवाबाट विहान ८ बजेदेखि १२ बजेसम्म सञ्चालन गर्ने निर्णय भएको छ भने बिर्तामोड नगर क्षेत्रभित्र हुने विकास निर्माण सुचारु गर्ने, स्वास्थ्य सेवा, अस्पताल, औषधि पसल, एम्बुलेन्स सेवा,प्रेस, शबबहान चौवीसै घण्टा खुल्ला रहने, दूग्ध उत्पादन विक्री वितरण, कृषि बीउबिजन,मल औषधि सेवा, पशु सेवा उपचार सञ्चालन गर्ने समेत बैठकले निर्णय गरेको छ ।

# झापामा १७०० हेक्टर जमिन अतिक्रमण



**बिर्तामोड, जेठ १४।** कोरोना भाइरस कोभिड-१९ को बढ्दो संक्रमणका कारण विश्व नै त्रसित भइरहेका बेला नेपाल र भारतबीच सीमा विवाद चुलिएको छ ।

अहिले पश्चिम बंगाल र बिहारसंग सीमाना जोडिएको झापामा पनि ठूलो क्षेत्रफलमा सीमा अतिक्रमण भएको पाइएको छ । खासगरी भारतसँग सीमा जोडिएको झापाको १ सय ४४ दशमलव २ किलोमिटर क्षेत्रफलको विभिन्न स्थानमा झण्डै १ हजार ७ सय हेक्टर नेपाली भूभाग भारतीय पक्षले अतिक्रमण गरेको देखिन्छ ।

पूर्वी सीमाना मेची नदीको विभिन्न ८ तटीय क्षेत्र, मेचीपारिको गाउँ, कचनकवलको पाठामारी, घेरावारी साबिक महेशपुर लगायत ठाउँहरुमा नेपाली भूभाग मिचिएको स्थानीय तथा सीमाविद्हरुले बताएका छन् । २०५२ सालअघि नेपालमा नै रहेको कचनकवल गाउँपालिकाको पाठामारी क्षेत्रका करिब २० घर, मेचीपारिको सन्थालवस्तीको ७ घर, मेचीनगरस्थित भान्सा खोलाका ११ परिवार अहिले रातारात भारतीय भूमिमा पारिएको छ । १०४ र १०५ नम्बर सीमा पिलरले घेरिएको मेचीपारिको सन्थालबस्तीका केही परिवार पनि हाल भारतीय भूमिमै परेका छन् ।

२०५२ सालमा आफुले भोगचलन गर्दै आएको नेपाली भूमिको धनीपूर्जा बनाउन खोज्दा पुरै भूमि भारततर्फ परेपछि झापाबासी समस्या परेको प्राध्यापक तथा सीमाविद् चिन्तामणि दाहालले बताए । बिशेष गरी भारतीय सीमा सुरक्षा बल(एसएसबी)को दादागिरी र सिमावर्ती नेपाली भूमिको उपभोग भारतीय पक्षले गर्दा सीमा अतिक्रमण बढेको पाइएको छ । भारतले झापाको कतिपय सीमावर्ती विवादित सीमा क्षेत्र आफ्नो गुगल म्यापमा समेत समावेश गरिसकेको छ ।

भारतमा ब्रिटिस शासन भएको बेला नेपाल-भारतबीच भएको सुगौली सन्धि बमोजिम दुवै देशको सीमा जङ्गे पिलरले छुट्याइएको थियो । जङ्गे पिलरलाई सीमा पिलर मानेर सीमावर्ती आसपासका क्षेत्रमा बर्षौंदेखि नेपाली बसोबास गर्दै आइरहेका थिए । पूर्वको सीमाना मेचीनदीको वहाव परिवर्तन र बाढीका कारण सीमास्तम्भ बगाउँदा भारतले २०४३ सालतिर सीमा मिच्न शुरु गरेको पाइएको छ ।

एक साता अघि मात्र कोरोना भाइरस सङ्क्रमण रोकथाम, उपचार, समन्वय तथा अनुगमन समिति झापाले भारतसँग जोडिएका सीमावर्ती स्थानका सुरक्षा चौकीहरुको अनुगमन गरी पारित गरेको प्रतिवेदनमा समेत भारतद्वारा गरिएको भूमि अतिक्रमणबारे उल्लेख छ । प्रतिवेदन अनुसार झापा गाउँपालिका-१मा रहेको स्यालमारामा भारतले २० बिगाह नेपाली भूमि अतिक्रमण गरेको छ । भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले दशगजाभन्दा ५० मिटरभित्रसम्म घुसेर नेपाली भूमि कब्जा गरेको पाइएको हो ।

प्रदेश १का आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मतकुमार कार्कीले कोरोनाका कारण सीमालाई व्यवस्थित गर्ने चर्चा चलिरहेको बेला अब सीमाको वैज्ञानिक व्यवस्थापनको खाँचो रहेको औल्याए । पटक- पटक भारतीयले दादागिरी शैलीमा बर्षौंदेखि नेपाली भूमि कब्जा गरिरहँदा पनि स्थानीय प्रशासन र सरकारले खासै चासो

*(बाँकी अन्तिम पृष्ठमा)*

## क्वारेन्टिनमै वडाध्यक्षको मृत्यु

**झापा, जेठ १४।** क्वारेन्टिन व्यवस्थामा जुटेका कञ्चनपुरको कृष्णपुर-७का वडाध्यक्ष ५८ वर्षीय कल्लु रानाको मृत्यु भएको छ ।

राष्ट्रिय माध्यमिक विद्यालयमा रहेको क्वारेन्टिनमा कुर्सीमा बसेर फोन गरिरहेका बेला एक्कासी बेहोस भएका रानाको मृत्यु भएको हो । राना साँझपख घरमा पुगी नुहाइ राना खाना खाएर क्वारेन्टिन पुगेका थिए । नयाँ क्वारेन्टिन स्थापना गरिएको थियो- नगरप्रमुख कर्णबहादुर हमालले भने- राति व्यवस्थापनबारे जानकारी लिनका लागि क्वारेन्टिनमा पुगेका उनको मृत्यु भएको छ । वडाध्यक्ष रानामा कुनै पनि रोगको लक्षण यसअघि नदेखिएकाले हृदयाघातका कारण उनको मृत्यु भएको हुनसक्ने नगर प्रमुख हमालले बताए ।

## बाबुको हत्या आरोपमा छोरा पक्राउ

**सर्लाही, जेठ १४।** सर्लाहीको बसबरिया गाउँपालिकामाएक वृद्धको घरेलु धारिलो हतियार प्रहारबाट हत्या भएको छ ।

बसबरिया गाउँपालिका-५ धनगढा निवासी ७५ वर्षीय रामअधिन रायको धारिलो हतियार प्रहारबाट मृत्यु भएको सर्लाहीका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक मदन कुँवरले जानकारी दिए । आफ्नै आँपको बगैँचामा सुतिरहेको अवस्थामा वृद्धको हत्या भएको उनले बताए । घरेलु हतियारले वृद्धको टाउको र हातमा प्रहार गरी हत्या गरिएको छ ।

बुबालाई हत्या गरेको आरोपमा मृतकका कान्छो छोरा ४० वर्षीय विनोद रायलाई प्रहरीले पक्राउ गरेको छ । आफ्नै घरमा खाटमुनि लुकेको अवस्थामा विनोदलाई पक्राउ गरिएको बसबरिया गाउँपालिकाका अध्यक्ष रामअयोध्या रायले जानकारी दिए । जग्गा जमिनको विषयलाई लिएर आफ्नो कान्छो भाइ मदिरा सेवन गरेर पटक-पटक बुबालाई गाली बेइज्जती र कुटपिट गर्दै आएको मृतकका

*(बाँकी अन्तिम पृष्ठमा)*

# लकडाउन कार्यान्वयन गराउन रचनात्मक भूमिका

**बिर्तामोड, जेठ १४।** झापाको बिर्तामोडमा रहेको इलाका प्रहरी कार्यालय अनरमनीले तीन नगरपालिका र एउटा गाँउपालिका हेर्ने गरेको छ ।

झापाको सबैभन्दा तीब्ररुपमा जनघनत्व वृद्धि भइरहेको बिर्तामोड नगरपालिकामा शान्ति सुरक्षा कायम गर्न उस्तै प्रहरी अधिकृतलाई हम्मे-हम्मे पर्ने गरेको छ । केही प्रहरी अधिकृत त विभिन्न विवादमा समेत गर्दै विभागीय कारबाहीमा समेत परेका छन् । हुने विरुवाको चिल्लो पात भने झैं इलाका प्रहरी कार्यालय अनारमनीको नेतृत्व सम्हाल्न करिब पाँच महिना अघि बिर्तामोड आएका प्रहरी नायब उपरीक्षक मुकुन्द रिजाल अधिकांश समय फिल्डमा आफैं खट्ने गरेका छन् ।



डीएसपी मुकुन्द रिजाल

बिर्तामोड, अर्जुनधारा र कनकाई नगरपालिकासंगै बाह्रदशी गाउँपालिका क्षेत्र हेर्नुपर्ने भएपछि प्रहरी नायब उपरीक्षक अधिकांश समय आफ्नो इलाका विभिन्न क्षेत्रमा पुग्ने गरेका छन् । सरकारले गत चैत ११ गतेबाट गरेको लकडाउन कार्यान्वयन गर्न पनि प्रहरीलाई हम्मे-हम्मे परिरहेका बेला डीएसपी रिजालले भने स्थानीय जनप्रतिनिधि, राजनीतिक दल, वाणिज्य संघ, लगायत विभिन्न संघ-संस्था, सञ्चारकर्मी, स्थानीयसंग सहकार्य गर्दै सबै क्षेत्रमा लकडाउनलाई कार्यान्वयन गराउँदै सचेतनामूलक जानकारीहरु समेत गराउँदै आएका छन् । कोरोना भाइरसले विश्वव्यापी रुपमा महामारीको रुप लिएसँगै यसको संक्रमण नेपालमा समेत देखा परेको छ । नेपालमा दिनप्रतिदिन कोरोना संक्रमितको संख्या बढ्दै गएको तथा पछिल्लो समय लकडाउन उल्लंघन गर्नेको संख्या बढी रहेका बेला इलाका प्रहरी कार्यालय अनारमनीले नागरिकलाई घरमै बसेर सहयोग गर्न तथा उल्लंघन आग्रह गर्दै आएको छ ।

लकडाउन भएको लामो समय भएकाले नागरिक सडकमा निस्कन खोज्नु सामान्य भए पनि संक्रमणको दर बढेकाले अझैं केही समय धैर्य गर्नुपर्ने डीएसपी रिजालको भनाइ छ । बिर्तामोडमा लडाउन उल्लंघन गर्ने क्रम बढेपछि प्रहरीले जिल्लामै पहिलोपटक रोड लकडाउन सेलको अवधारणा ल्याएर लकडाउनको उल्लंघन गर्नेलाई दुई घण्टासम्म उभ्याएर यो रोगको बारेमा जानकारी दिने तथा अनावश्यक हिंड्डुल गरे प्रहरीले कारबाही गर्ने भन्दै सचेतना जनाउन डीएसपी रिजाल आफैं सडकमा खट्ने गरेका थिए । उनले शुरु गरेको अभियान झापाका अधिकांश स्थानका साथै देशभर नै चल्यो । प्रहरीले सडकमै उभ्याउने भन्ने थाह पाएपछि अनावश्यक रुपमा हिंड्डुलमा

*(बाँकी अन्तिम पृष्ठमा)*






## कोरोना सङ्क्रमितलाई वर्गीकरण गरी उपचार गरिने

**झापा, जेठ १४।** कोरोना सङ्क्रमितलाई वर्गीकरण गरेर उपचार गरिने भएको छ । प्रदेश नं. १ मा कोरोना भाइरसको लक्षण देखिएकालाई कोभिड अस्पताल र रिपोर्ट पोजेटिभ आएकालाई आइसोलेसन केन्द्रमा राखेर उपचार गर्ने तयारी शुरु गरेको प्रदेश सरकारले जनाएको छ ।

सरकारले बिरामीलाई वर्गीकरण गरेर उपचार गर्ने तयारीसँगै ४५० श्यया (बेड) को आइसोलेसन उपचार केन्द्र निर्माणकार्यलाई तीव्र पारेको छ । कोरोना सङ्क्रमित वृद्धि भएसँगै उनीहरुको वर्गीकरण गरेर उपचार गर्ने तयारी शुरु गरिएको छ । प्रदेशमा यसअघि कोभिड-१९ उपचार केन्द्रका रूपमा विराटनगर र सुनसरीको धरानमा सञ्चालन गरिसकेको छ । यस्तै मेची अस्पतालमा पनि कोरोना सङ्क्रमितको उपचारका लागि अस्पताल तयार शुरु गरिँदैछ ।

सामाजिक विकासमन्त्री जीवन घिमिरेले प्रदेश सरकारले पूर्वाञ्चल विश्वविद्यालय मोरङको गोठगाउँ, झापाको दमक, सुनसरीको वराहक्षेत्र र नेपाली सेनाको पूर्वी पृतना इटहरीमा गरी ४५० बेडको आइसोलेसन उपचार केन्द्र तयार गर्ने काम भइरहेको जानकारी दिए । स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकाल र सातै प्रदेशका सामाजिक विकास मन्त्रीको मङ्गलबार भएको अनलाइन संवादमा मन्त्री घिमिरेले सो जानकारी दिएका हुन् ।

प्रदेशमा कोरोना सङ्क्रमितको उपचारलाई वर्गीकरण गर्ने तयारी गरिएको उनले बताए । मन्त्री घिमिरेले भने- कोरोना लक्षण देखिएकालाई अस्पतालमा र रिपोर्ट पोजेटिभ आएकालाई आइसोलेसन उपचार केन्द्रमा राखिनेछ । सङ्क्रमितको उपचार वर्गीकरण गरेर गर्ने गरी आवश्यक मार्गदर्शन र निर्देशिका प्रदेश सरकारले तयार गरिसकेको उनले बताए । प्रदेशमा पुल विधिबाट कोरोना परीक्षणको काम शुरु भएको जानकारी दिँदै परीक्षणको क्षमता बढेसँगै आवश्यक सामग्रीको भने अभाव भएको

*(बाँकी अन्तिम पृष्ठमा)*


## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



# 'कोरोना नियन्त्रणका लागि मानव समुदाय नै लड्नुपर्ने'



**भोलानाथ पोखरेलः कार्यवाहक अध्यक्ष**
**निजामति कर्मचारीहरूको आधिकारिक ट्रेड युनियन**

**कोरोनाको महामारीको यो क्षणमा निजामति कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनले के गरिरहेको छ ?**

- विश्वव्यापीरुपमा फैलिएको कोरोना भाईरस (कोभिड -१९) नियन्त्रणका लागि सरकारले अघि सारेका कदमलाई पालना गराउन देशभरका कर्मचारीहरु लागी परेका छन् । विशेष गरेर स्वास्थ्य र सुरक्षामा खटिएका कर्मचारीहरु अग्रपंक्तिमा छन् । उनीहरुलाई प्रोत्साहन भत्ताको व्यवस्था सरकारले गरे पनि उनीहरुको आत्मबल दर्विलो बनाउने कार्यमा ट्रेड युनियनले भूमिका खेलिरहेको छ ।

हामीसँग चारवटा संगठनहरु आवद्ध छन् । सबै संगठनका पदाधिकारी र आवद्ध कर्मचारीलाई 'लकडाउन'को पूर्ण पालना गर्ने र गराउने कार्यमा लाग्न सर्कुलर नै जारी गरिएको छ । अधिकांश कर्मचारी अहिले लकडाउनमा छन् । तर, कोभिडसँग सम्बन्धित रहेर प्रवाह गर्नुपर्ने सेवा सुविधाका विषयमा कर्मचारीहरु अहिले पनि कार्यक्षेत्रमा छन् ।

**स्थानीय तहमा कार्यरत् कर्मचारीले त यो समयमा फुर्सद पाएका छैनन् नि ?**

- देशैभर रहेका कार्यालय प्रमुखहरुले लकडाउनको समयमा पनि काम गरिहेका छन् । तर, गर्ने तरिका मात्र केही फरक छ । कार्यालय प्रमुखले काममा बाधा नपुग्ने गरी घरमै बसेर सबै कर्मचारीलाई सेवा प्रदान गर्न भनेका छन् । अहिले नागरिकता, राहदानी वितरण गर्ने कार्य सरकारले नै पूर्णरुपमा रोक लगाएको छ । तर, दैनिक जनसरोकारका विषय र स्वास्थ्यसँग सम्बन्धित सेवा प्रदान गर्न खटिने कर्मचारीले अहिले पनि कोभिडसँग सामना गर्दै काम गरिनै रहेका छन् । स्थानीय तहमा र नीतिगत योजना बनाउने ठाउँका कर्मचारीहरु दिनरात खटिनै रहेका छन् । राष्ट्रसेवामा तल्लीन सुरक्षाकर्मी र स्वास्थ्यकर्मीहरु अग्रपंक्तिमा रहे पनि अन्य कर्मचारीले पनि सरकारले जारी गरेको लकडाउनको पालना गर्दै सेवा प्रवाह गर्नु परेको खण्डमा गरिनै रहेका छन् । हामीले लकडाउनलाई सफल बनाउन सबै कर्मचारीलाई अनुरोध गरेका छौं । सोही अनुसार अहिले कर्मचारीहरु त्यसैको पालना गरिरहेका छन् ।

निजामति कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनमा चारवटा संगठन आवद्ध छन् । तिनै संगठनका पदाधिकारीहरुले आ-आफ्नो ठाउँमा रहेर सरकारलाई सहयोग पुऱ्याउँदै आएका छन् । हामीसँग नेपाल निजामति कर्मचारी संगठन, नेपाल निजामति कर्मचारी युनियन, नेपाल राष्ट्रिय कर्मचारी संगठन र नेपाल मधेशी जनजाति कर्मचारी मञ्च छन् । संगठनमा आवद्ध सबैले कार्यालय प्रमुखले खटाएको कल ड्यूटीमा पनि काम गरिरहेका छन् । कतिपय कर्मचारी राहत वितरणमा समेत खटिएका छन् भने कतिपय कर्मचारी नीतिगत योजना बनाउने काममा लागेका छन् ।

**सरकारले बनाएको कोरोना कोषमा यहाँहरुको सहयोग रह्यो या रहेन ?**

- हामीले कोरोना मात्र होइन विषम् परिस्थिति उत्पन्न हुँदा सबैद सरकारलाई सहयोग पुऱ्याउँदै आएका छौं । भूकम्प, आगलागी, बाढी जस्ता प्रकोपमा पनि सहयोग पुऱ्याएका छौं भने हामीसँग आवद्ध संगठनले र हामीले पनि विपद्को यो क्षणमा कोषमा आर्थिक सहयोग, स्वास्थ्यसँग सम्बन्धित उपकरण खरिद गर्दै हस्तान्तरण समेत गरेका छौं ।

**काम गर्ने सन्दर्भमा केही बाधा अड्चन उत्पन्न भएका छन् ?**

- कोरोनाको संक्रमण नेपालमा फैलनु अघि नै हामीले विभिन्न देशका कर्मचारीहरुसँग परामर्श गरिसकेका थियौं । अन्तर्राष्ट्रिस्तरमा काम गर्ने कर्मचारीसँग भिडियो कन्फ्रेन्समार्फत आवश्यक छलफल र परामर्श गरेका कारण कोरोना संक्रमणबाट बच्न अपनाउनु पर्ने सचेतना र सेवा सञ्चालन सम्बन्धी मनोबैज्ञानिक रुपमा तयार भएर मनोबललाई उच्च पार्दै निरन्तर काममा लाग्यौं । पहिला कोरानासँग हामी भाग्ने होइन लड्ने मनस्थिति तयार गर्दै काममा खटियौं र खटिइरहेका पनि छौं । आवश्यक स्वास्थ्य र सुरक्षाका सावधानी अपनाएर हामी अग्रपंक्तिमा रहेर पनि राष्ट्रको सेवा गरिरहेका छौं । अझैपनि सरकारले आह्वान गरेको खण्डमा सरकारलाई आवश्यक पर्ने सरसामान उपलब्ध गराउने खण्डमा हामी तयार छौं ।

मुलुकमा अहिले पनि किटको अभाव छ, सरकारले जतिसक्दो चाँडो किट उपलब्ध गराउँदै सबै नागरिकको स्वास्थ्य परीक्षण गर्न जरुरी देखिएको छ । यो काममा हामीले पनि सरकारलाई सहयोग पुऱ्याउँदै आएका छौं । अप्ठ्यारो अवस्थामा मुलुक गुज्रिरहेको बेला जोखिम मोलेर भएपनि प्रत्यक्षरुपमा हामी कर्मचारीले काम गरिरहेका छौं । अग्रपंक्तिमा काम गर्ने स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको स्वास्थ्यबीमा गरिएको छ । अप्ठ्यारो अवस्थाका बारेमा हामी निरन्तर सरकारसँग छलफल र परामर्शमै छौं । अहिलेको समय यो र त्यो भन्ने भन्दा पनि विपत्तिको सामना गर्ने समय रहेकाले सबै मानव समुदाय एक भएर रहनु पर्ने अवस्था आएकाले सबैलाई एकजुट भएर कोरोनाविरुद्ध लड्न म आह्वान पनि गर्न चाहन्छु ।

**अन्त्यमा**

- सरकारले अर्को आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम र बजेट ल्याउने तयारी गरिरहेको छ । यो अवस्थामा हामी सबैले सहयोग पुऱ्याइनै रहेका छौं । मुलुकमा आइपरेको यस्तो विषम् परिस्थितिमा पनि देशभरका सबै कर्मचारी एक भएर सरकार सञ्चालनमा कर्मचारीको सहयोग महत्वपूर्ण रहन्छ नै । विषम् परिस्थितिमा सरकारले आह्वान गरेको लकडाउनलाई पूर्ण पालना गर्दै आवश्यक सेवा प्रवाह गर्न कर्मचारीहरुलाई आग्रह गर्न चाहन्छु ।

# 'विषम् परिस्थितिमा सरकार र जनतासँगै छन् कर्मचारी'



**रेवन्त गौतमः महासचिव**
**नेपाल निजामति कर्मचारी संगठन**

**मुलुकमा देखिएको यस्तो विषम् परिस्थितिमा १७ बुँदे माग राख्दै अर्थ मन्त्रालयलाई ज्ञापन पत्र बुझाउनु भएछ नि के-का लागि हो ?**

- सरकारले आगामी आर्थिक वर्षका लागि ल्याउन लागेको बजेटलाई स्वागत गर्दै हामी कर्मचारीका लागि र राष्ट्रका लागि फाइदा पुग्ने गरी सुझावसहितका १७ बुँदे मागसहित ज्ञापनपत्र मन्त्रालयलाई बुझाएका हौं । हामी कर्मचारीले सरकारसँग सँधै माग्ने मात्र होइन, हामी मगन्ते होइनौं, हामीले यसपटक सरकारलाई सुझावसहित केही कुरा बजेटमा समावेश गरिदिन आग्रह मात्रै गरेका छौं ।

**बजेटमा के-के कुरा समेटियो भन्ने अपेक्षा गर्नु भएको छ ?**

- संघीयतामा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान, राजनीतिक अधिकारसहितको ट्रेड युनियन हाम्रो अभियान भन्ने मूलधारका साथ बिगत ३० वर्षदेखि संस्था क्रियाशील छ । संगठनले आमकर्मचारीहरुको सेवाको सुरक्षा र सार्वजनिक प्रशासनको सवलीकरण गर्दै आम जनताका लागि गरिने सेवालाई प्रभावकारी बनाउने दिशामा निरन्तर आवाज उठाइरहेको छ । अहिले पनि विश्वव्यापी फैलिएको कोरोना भाइरस महामारीको विरुद्ध हाम्रो देशपनि लडिरहेको छ । यस महामारीलाई परास्त गर्न हामी सबैको सहयात्रा हुन जरुरी देखिएकाले सरकारसँग हामीले कोरोना भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणमा प्रत्यक्षरुपमा खटिने चिकित्सक, स्वास्थ्यकर्मी र सुरक्षा निकाय लगायत सम्पूर्ण राष्ट्रसेवकहरुको स्वास्थ्य सुरक्षाको प्रत्याभूति गर्न र खटिएको अवधिका लागि विशेष भत्ताको व्यवस्था गर्न मात्रै भनेका छौं । जनताको स्वास्थ्य सेवामा सहज पहुँचका लागि चिकित्सक र स्वास्थ्यकर्मीहरुले कार्यसम्पादनमा सहजता ल्याउन देशभरका स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकास, स्तरोन्नति र सेवा विस्तारका लागि विशेष कार्यक्रमसहितको बजेट बिनियोजन गर्न भनेका छौं । राष्ट्रिय अर्थतन्त्रमा परेको नाकारात्मक प्रभावलाई सुधार गर्न तीन तहका कर्मचारी नेपाली सेना, नेपाल प्रहरी, शिक्षक लगायत वित्तीय संघसंस्थामा कार्यरत् सबै तहका राष्ट्रसेवकहरुले लगाउने पोशाक स्वदेशमै उत्पादन गर्न उद्योग सञ्चालन गर्नु पर्ने र उद्योगबाट उत्पादित कपडा अनिवार्य रुपमा लगाउने नीति ल्याइयोस् र आवश्यक परेको खण्डमा कर्मचारीको एक वर्षको पोशाक भत्ता उद्योगमा शेयरको रुपमा लगानी हुने व्यवस्था मिलाउने लगायतका १७ बुँदे सुझावपत्र अर्थमन्त्रालयलाई बुझाएका हौं ।

**श्रम अभ्यासको पनि कुरा छ नि, के हो श्रम अभ्यास ?**

- जनतासँग राष्ट्रसेवक कर्मचारी कार्यक्रम सञ्चालन गरी हरेक राष्ट्रसेवक कर्मचारीहरुले महिनामा एक दिन विकास निर्माण योजनामा अनिवार्य श्रम गर्नु पर्ने नीति बनाइयोस् भनिएको हो । यसो गर्दा कर्मचारीहरुको पनि विकास निर्माण लगायत योजनामा अनिवार्य श्रम रहन्छ । कर्मचारीहरु पनि यो कार्यमा प्रत्यक्षरुपमा सहभागगी हुने भएकाले हामीले यसलाई श्रम अभ्यास भनेका हौं । श्रम अभ्यास मात्र होइन हामीले बुझाएको ज्ञापन पत्रमा हाइड्रो सञ्चालन, पर्यटन प्रवर्द्धनका लागि देशदर्शन कार्यक्रम, मुटु, मृगौला, क्यान्सर, हेड इन्जुरी जस्ता जटिल र गम्भीर प्रकृतिका रोग लागेका निजामति कर्मचारी र निजका परिवारलाई निशुल्क उपचारको व्यवस्था गर्नुपर्ने समेत माग गरेका छौं ।

**विपद्को यो क्षणमा चाहिं के गर्दै हुनुहुन्छ नि ?**

- नेपाल सरकारले घोषणा गरेको लकडाउनलाई पूर्ण पालना गर्ने र गराउने पक्षमै हामी कर्मचारीहरु लागेका छौं । अत्यावश्यक सेवा प्रवाहको कार्यक्रममा सरिक छौं र लकडाउनको यो समयमा पनि सेवा दिन हामीले कञ्जुस्याइँ गरेका छैनौं । विभिन्न समयमा संगठनको तर्फबाट विपद्को यस्तो क्षणमा सरकालाई सहयोग पुऱ्याएका छौ नि । यो बेला पनि सरकारले घोषणा गरेको राहत कोषमा पाँच लाख रुपैयाँ सहयोग गरेका छौं । बाजुरा, बाग्लुङ, इलाम, दैलेख जस्ता जिल्लामा संगठनका पदाधिकारीहरुले विदेशबाट आएकाहरुलाई खाना खुवाउने जस्ता कार्यक्रम सञ्चालन गरेका छन् । यो सह्रानीय काम हो । जनतासँग सहकार्यमा देशमै उत्पादकत्व बढाउने खालका कार्यक्रम सञ्चालनका लागि समेत संगठन अहिले सोचिरहेको छ । हामी कर्मचारीले देशमा जस्तोसुकै विषम् परिस्थिति आएपनि सेवा प्रवाहका कामलाई निरन्तर अघि बढाएका छौं ।

**अन्त्यमा**

- नेपाल निजामति कर्मचारी संगठन मात्र होइन, मुलुकमा कार्यरत् सबै कर्मचारीहरुलाई धैर्यताका साथ आ-आफ्ना ठाउँबाट सेवा पुऱ्याउन आग्रह गर्न चाहन्छौं । संगठनले कर्मचारीको संरक्षणका लागि विशेष रणनीति अपनाएर कार्य सञ्चालन गरेपनि यसपटकको बजेटमा हामीले पेश गरेका सुझावलाई सरकारले सहर्ष ग्रहण गर्दै आर्थिक वर्षा ०७७/०७८ को बजेटमा सबै राष्ट्रसेवकलाई उच्च मनोबलका साथ कार्यस्थलमा खटिई राष्ट्रले लिएको समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्य हासिल गरी कार्य सम्पादनमा उत्प्रेरणा प्रदान गर्न अनुरोध गर्दछौं । कोभिड -१९ लाई परास्त गर्दै समृद्ध राष्ट्र निर्माणमा सरकारले लिएको लक्ष्य र कार्यान्वयन गराउन हामी कर्मचारीको पनि उत्तिकै साथ रहने भएकाले हामी तत्तत् स्थानबाट सेवा प्रवाह गरौं । मेरो आग्रह छ ।

## बलात्कारको आरोपमा पक्राउ

**कपिलवस्तु, जेठ १४।** महाराजगञ्ज नगरपालिका-२ उनवलियाकी एक किशोरीमाथि बलात्कार भएको आरोप लगाइएको छ। उनवलियाकै २८ वर्षीय गोरखनाथ लोहार बलात्कार गरी फरार भएको भनी बालिकाको परिवारले प्रहरीमा उजूरी दिएको छ।

नेपाल राष्ट्रिय आधारभूत प्राथमिक विद्यालयका शिक्षक लोहारले किशोरीलाई जर्बजस्ती तानेर घरको पछाडि पुऱ्याइ सो हर्कत गरेको आरोप लगाइएको छ। परिवारले बालिकालाई बेहोस अवस्थामा फेला पारी प्रहरीलाई खबर गरेको प्रहरी निरीक्षक दीपेश खरेलले जानकारी दिए।

उता एक युवतीलाई बलात्कार गरेको आरोपमा प्रहरीले अर्जुनचौपारी गाउँपालिकाका एक पुरुषलाई मंगलबार पक्राउ गरेको छ। १९ वर्षीया युवतीलाई ४० वर्षीय पुरुषले आफूलाई बलात्कार गरेको भन्दै जिल्ला प्रहरी कार्यायलमा उजुरी दिएपछि आरोपित पुरुषलाई पक्राउ गरेर अनुसन्धान कार्य अगाडि बढाएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रमुख प्रहरी उपरीक्षक विमलराज कँडेलले युवतीले लामो समयसम्म महिनावारी नभएको र पेट बढ्दै गएपछि गर्भ रहेको थाहा पाएको भन्दै प्रहरीमा उजुरी दिएको बताए । बलात्कारको आरोप लागेका पुरुष र युवती नाता सम्बन्धले दाजुबहिनी पर्ने र आरोपित पुरुषलाई जिल्ला अदलातबाट म्याद थप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ ।

### बाबुको...

जेठो छोरा रामविश्वास रायले जानकारी दिए ।

इलाका प्रहरी कार्यालय बरहथवाको टोलीले घटनाबारे थप अनुसन्धान गरिरहेको सर्लाहीका प्रहरी उपरीक्षक विश्वमणि पोखरलले जानकारी दिए ।

### कोरोना ...

उनँले स्वास्थ्य तथा जनसंख्यामन्त्री ढकालको ध्यानाकर्षण गराएका थिए ।

प्रदेशमा जेठ र असारभित्रमा ७० हजारको पिसीआर परीक्षण गर्ने गरी सरकारले काम गरिरहेको मन्त्री घिमिरेको जानकारी दिए । उनले ४० हजार प्रदेशवासी र ३० हजार भारतबाट आउनेको परीक्षण गर्ने तयारी शुरु गरिएको र पिसीआर परीक्षणको क्षमता बढाएसँगै किट अभाव भएको बताए । प्रदेशमा कन्टयाक्ट ट्रेसिङ, टेष्टिङ र ट्रिटमेन्ट गर्ने टिम अलर्ट रहेको मन्त्री घिमिरे बताउँदै कोरोना सङ्क्रमितको उपचार कोभिड अस्पतालबाट केन्द्रित गर्दा सरकारी अस्पतालले नियमित सेवा दिन सकेको उनले बताए ।

### झापामा ...

दिएको थिएन । नेपालतर्फ दशगजा क्षेत्रको सुरक्षा प्रभावकारी नभएकाले सीमामा भारतीयको दबदबा बर्षौंदेखि रहिरहेको थियो । अहिलेको अवस्थामा नै पटक-पटक देखिने सीमाविवादलाई निष्कर्षमा पुऱ्याउनुपर्ने अवसर प्राप्त भएको छ ।

झापामा यसअघि भारतीय पक्षले कचनकवल गाउँपालिकाको घेरावारीमा नेपाली भूमि मिचेर सडक निर्माण गरेको छ । गाउँपालिकाको पश्चिम दक्षिणी भू-भागमा भारतीय पक्षले सडक निर्माण गरेको हो । भारतीय पक्षले सीमा मिचेपछि स्थानीयवासी विरोधमा समेत उत्रिए । तर, भारतले आफ्नो दादागिरी प्रवृत्ति देखाउन नछाड्दा अहिले कचनकवल गाउँपालिकामा समेत भारतीय पक्षले दशगजा र नेपाली भूमि मिचेर सडक निर्माण गरेको छ। भारतको यस्तो हेपाह प्रवृत्ति कहिले अन्त्य होला । सरकारले नयाँ नक्सा जारी गरेसंग अब सीमा विवादको विषयमा कुटनीतिक तवरबाट समस्या समाधान गर्न तदारुपता देखाउन जरुरी देखिएको छ ।

### लकडाउन ...

समेत कमी आएपछि प्रहरीलाई लकडाउन कार्यान्वयन गराउन सहजता मिलेको थियो ।

प्रदेश-१को झापामा कोरोना संक्रमित धेरै रहेकाले यहाँ प्रहरी सतर्कता अपनाउनु जरुरी पनि हो । सामान्यता कार्यालय प्रमुख आफैं सडकमा १८ घण्टाबढी खट्नु सामान्य कुरा होइन् । तर, डीएसपी रिजाल नागरिकको सुरक्षाका लागि आफैं खट्ने गरेका छन् । उनी भन्छन्- म आफू कर्सीमा बसेर अरुलाई काम लगाउनुभन्दा सबैसंग समान रुपमा खट्दा प्रहरीमा समेत काम गर्ने उच्च मनोबल प्राप्त हुन्छ । यसले शान्ति सुरक्षा कायम गर्न सहज हुनेछ । लकडाउनको अवधिमा डीएसपी रिजालकै पहलमा बिर्तामोडका हस्पिटलसंगको सहकार्यमा फिल्डमा खटिने प्रहरीलाई कोरोना भाइरसका लक्षण, कसरी जोगिन सकिन्छ अनि कोरोना संक्रमित बिरामीको कसरी सुरक्षित उद्धार गर्न सकिन्छ भनेर चिकित्सकमार्फत प्रशिक्षण समेत दिए । आफ्नो इलाका अन्तर्गत अधिकांश स्थानमा विभिन्न संघ-संस्थासंग सहकार्य गर्दै हात धुने व्यवस्था समेत मिलाएका डीएसपीले आफैं फिल्डमा खटिएर कोरोना भाइरसबाट कसरी आफूलाई सुरक्षित राख्न सकिन्छ भन्ने विषयमा सचेतना समेत जगाउने काम गरेका छन् ।

सबै स्थानमा प्रहरी पुग्न नसक्ने भएकाले सन्देशमूलक जानकारीहरु माइकिङमार्फत सबै ठाउँमा पुऱ्याउन सफल भएको उनको भनाइ छ । पूर्वकै व्यस्त शहरको रुपमा रहेको बिर्तामोडमा भीडभाड कम गराउन भौतिक दुरी कायम गराएर मात्रै सामान खरिद तथा बिक्रीको व्यवस्था गर्द गोला घेराहरु बनाएर सचेतना फैल्याउने काम गरेको बताइएको छ । अधिकांश समय प्रहरी आफैं सडकमा खट्दा समेत विभिन्न बहाना बाजी गरेर लकडाउन उल्लंघन गर्ने तथा झापामा जोखिम बढेको भन्दै बिर्तामोड नगरपालिकाले नगरलाई शिल गरेपछि हाल सबै क्षेत्र सुनसान जस्तै बन्ने गरेको छ। नगर शिल गरेपछि बाहिरी क्षेत्रबाट अनावश्यक रुपमा मानिस नभित्र्ने भएकाले पनि शान्ति सुरक्षा कायम गर्न सहज भएको डीएसपी रिजालको भनाइ छ ।

उनले सरकारले आगामी जेठ २० गतेसम्म लकडाउन घोषणा गरेको तथा नेपालमा जोखिम बढ्दै गएकाले नागरिक आफैं सचेत बनेर सहयोग गर्नुपर्ने बताए । एक व्यक्तिको लापरबाहीका कारण सयौं मानिस प्रभावित हुन सक्ने भएकाले नागरिक आफैं सचेत बन्नुपर्ने डीएसपी रिजालले बताए । लकडाउनको अवधिमा जघन्य अपराधका घटनामा कमी आएको तर घरेलु तथा मानसिक हिंसामा भने वृद्धि हुन सक्ने भएकाले यसतर्फ समेत प्रहरीले ध्यान केन्द्रित गरेको उनले जानकारी दिए । डीएसपी रिजालले दिनरात प्रहरी सडकमा खटिने भएकाले अनावश्यक रुपमा लकडाउन उल्लंघन गर्ने तथा प्रहरीको मनोबल गिराउने कुनै पनि कार्य नगरिदिन सबैसंग आग्रह गरेका छन् । अत्यावश्यक काम बाहेक घरबाहिर ननिस्कन अनुरोध गर्दै कोरोनालाई घरमै बसेर जित्न उनले आग्रह समेत गरेका छन् ।

स्थानीय जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, संघ-संस्था तथा नागरिकले पूर्ण रुपमा सहयोग गरेकाले नै लकडाउनलाई कार्यान्वयन गराउन प्रहरी सफल भएको डीएसपी रिजालले जानकारी दिए । उनले पछिल्लो समय भारतबाट आउनेको संख्यामा वृद्धि भएकाले कोही पनि व्यक्ति भारत तथा अन्यदेशबाट आएको भए क्वारेन्टिनमा बसेर सहयोग गरिदिन अनुरोध समेत गरेका छन् । उनले इलाका प्रहरी कार्यालय अनारमनीमा कार्यरत सबै प्रहरीको स्वास्थ्य प्रति आफू उत्तिकै चनाखो भएकाले कोरोनाको संक्रमणबाट कसरी जोगिन सकिन्छ भन्ने विषयमा सबैलाई सचेत गराउँदै आएको बताए ।

**आकर्षक घडेरी बिक्रीमा**

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा

सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)







श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# प्रयोगशाला बनिनुपर्छ

कोरोना भाइरस रोकथाम, उपचार तथा नियन्त्रण समिति झापाको निर्णय अनुसार भद्रपुरमा बनाउने भनिएको अस्पताल तयारीकै बीच विवादमा परेको छ । जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय र राजनीतिक दल सम्मिलित समितिले मेची अस्पतालको नवनिर्मित भवनलाई कोरोना उपचार अस्पतालका रूपमा सञ्चालन गर्ने निर्णय गरेको थियो । समितिले स्थानीय र वडा सरकारसँग समन्वय नै नगरी निर्णय गरेको र कोरोना अस्पताल सञ्चालन गर्दा हुनसक्ने जोखिम र असरको मूल्यांकन नगरेको भन्दै सम्बन्धित वडाध्यक्ष तथा स्थानीय बासीको भेलाले संघर्ष समिति नै बनाएर बिरोधमा उत्रिएका छन् । अस्पताल सञ्चालन गर्ने जस्तो सार्वजनिक महत्व र संवेदनशील विषयमा स्थानीय तहसँग समन्वय र छलफल नगर्दा महामारी रोकथाम, उपचार र नियन्त्रणको मूल मुद्दा नै ओझेलमा पर्ने भएको छ ।

भाइरसबाट संक्रमण फैलिएर विश्व समाजलाई आतंकित तुल्याएको छ । यस्तो बेला हामी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेकाहरूको जीवन कसरी रक्षा हुन्छ प्रश्न अनुत्तरित छ । कोरोनाबिरूद्धको लडाइँमा ठूला, बिकसित र समृद्ध भनिएका देशहरू नै पराजित भइरहेका बेला हामी भने संक्रमितलाई उपचार होइन परीक्षण गर्न पनि सकिरहेका छैनौं । क्वारेन्टिनमा रहेकाले परीक्षण गर्नै नपाई मृत्युवरण गर्नु पर्ने विवशतामा छौं हामी । महामारी पहिचान भएको छ महिना बितिसक्दा समेत रोकथाम र नियन्त्रणका लागि विश्वासयोग्य उपचार पाइने अबस्था छैन । संक्रमणको जोखिम भारतबाट आएका नेपालीमै बढी देखिएको छ तर त्यसैलाई व्यवस्थित गर्न सकिएको छैन । दिनहुँ हजारौं नेपाली स्वदेश प्रवेश गरिरहेका छन् तर तिनलाई सुरक्षाको समुचित प्रबन्ध गर्न नसक्दा जोखिम झन् बढ्दै छ ।

संक्रमितहरू थपिने क्रममा छन् । सीमावर्ती अन्य जिल्लाहरू जस्तै झापा पनि संक्रमणको जोखिममा छ । अझ कचनकबल गाउँपालिकामै सबैभन्दा धेरै संक्रमित देखिएका छन् । दक्षिणमा कचनकबल र पूर्वमा भारतसाग जोडिएका कारण जोखिममा रहेको भद्रपुरले साबधानी र सजगता नअपनाउने हो भने ठूलै क्षति हुनसक्छ । यसअर्थमा स्थानीय जनप्रतिनिधि र नगरबासीको सतर्कता जायज नै हो । तर, अस्पतालका लागि प्रदेश सरकारले प्रदान गर्ने पीसीआर परीक्षण मेसिन अन्यत्र नजाओस् त्यसतर्फ पनि गम्भीर हुनुपर्छ । अस्पताल सञ्चालन गर्न आवश्यक पूर्वाधार, जनशक्ति र वातावरण समेतको मूल्यांकन गरी मेची अस्पतालको निर्माणाधीन भवनमा सञ्चालन गर्ने तयारी गरेको हुनसक्छ तर स्थानीयले भने जस्तै मानव स्वास्थ्यसँग जोडिएका अन्य सेवा प्रदायक संस्था र तिनले प्रवाह गर्ने सेवामा पर्न सक्ने असरलाई पनि बेवास्ता गर्न मिल्दैन ।

झापामा मात्रै अहिलेसम्ममा कोरोना संक्रमितको संख्या ५४ पुगेको छ । उनीहरूको धरान र बिराटनगरमा उपचार भइरहेको छ । दिनहुँको बढ्ने क्रमले ती अस्पतालहरू यथेष्ट नहुने निश्चित छ । यस्तोमा पूर्वी नेपालका सेवा दिनुपर्ने बिरामीका लागि उपयुक्त ठाउँको पहिचान गरी अस्पताल सञ्चालन गर्न ढीला गर्नु हुँदैन । भद्रपुरबासीको बिरोध र सुझावको समेत उचित सम्बोधन गरेर कलबलगुडीमा भए पनि अस्पताल सञ्चालन गर्नु अहिलेको मुख्य आवश्यकता हो । आधुनिक र गुणस्तरीय प्रयोगशाला मेचीबासीकै लागि उपयोगी हुन्छ भन्नेमा विमती नहुन सक्छ । कोरोना उपचार अस्पताल भविष्यका लागि यस्तै नयाँ संक्रमणका लागि समेत उपयोगी हुनसक्छ भन्ने कुरा पनि बिर्सनु हुँदैन । यसले झापावासीलाई फाइदा नै हुन्छ ।

# रोग-भय मुक्तिका लागि वैदिक चिकित्सा



रत्नबहादुर बस्नेत

यतिखेर विश्वभर नै महामारी फैलिरहेको छ, हामी सबै महामारीको चपेटामा परेका छौं । जसका कारण एक व्यक्तिदेखि अर्को व्यक्ति डराउनुपर्ने, घरमै बसेर समय व्यतित गर्नुपर्ने अवस्था सिर्जना भएको छ। आज मानिसको स्वास्थ्य रक्षा नै पहिलो आवश्यकता भएको छ। यसैका लागि सर्वत्र बन्दाबन्दी लागू गरिएको छ।

निर्देशित नियम पालना गर्दै यस जटिल परिस्थितिबाट मुक्त बन्न एकातिर बाह्य नियम पालनासँगै आत्मबल बढाउन जरुरी छ भने अर्कातिर हामीलाई शारीरिक तन्दुरुस्ती कायम गर्दै रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न आवश्यक छ। यसका लागि सबैले उच्च सावधानीका साथ बाह्य स्वास्थ्य सुरक्षाको उपाय अबलम्बन गर्नुको साथै आत्म-साधनाद्वारा मन बलवान् बनाई आत्मशक्ति जागृत गराउन आवश्यक छ।

यही कुरालाई ध्यानमा राख्दै पूर्वीय दर्शनशास्त्रमा



सदाचारको शिक्षा दिइएको छ। जसको चिन्तन मनन् गर्नु सान्दर्भिक ठहर्दछ। हामीलाई जीवनमा आइपर्ने आपत्-विपत्बाट बच्न दिव्यशक्ति(ईश्वरीय शक्ति)को करुणा आवश्यक पर्दछ। हामीले देख्दै-भोग्दै आएका छौं, केवल औषधि खाएर मात्र स्वस्थ बन्न सकिँदैन। औषधिले मात्र रोग निको हुँदैन। चिकित्सकको प्रयत्न, औषधिको साथै ईश्वरको अनुकम्पाबाटै स्वास्थ्य लाभ गर्न सकिन्छ। ईश्वरको अनुकम्पा बिना कुनै कार्य सफल हुनसक्दैन।

आयुर्वेद शास्त्रमा कसरी दीर्घजीवन बाँच्ने भन्ने बताइएको छ। तर, हामीले त्यसको अध्ययन अनुसन्धान गर्न छाड्यौं जसका कारण (आयुर्वेद शास्त्रको भनाइ नमानेका कारण) यस्तो डरलाग्दो महामारीको सामना गर्न परेको त होइन ? मननीय छ, विचारणीय छ। आयुर्वेदमा औषधिभन्दा बढी महत्व पथ्य (खानपानलाई) दिइएको छ, आहारविहारमा जोड दिइएको छ। 'खानपानमा विचार गर, सकेसम्म रोग नै लाग्न नदेऊ' भन्ने यो सिद्धान्त हो। पथ्य सेवनबाट विना औषधि ब्याधि नष्ट गर्न सकिन्छ। व्यक्तिले पथ्य सेवन वा उचित आहारविहार गर्दैन भने जतिसुकै औषधि किन नखाओस् त्यसको रोग निको हुँदैन। यसकारण आरोग्य लाभका लागि संयमित जीवन बाँच्नु अपरिहार्य छ। यस्तो महामारीको चपेटामा परेको आजको जटिल अवस्थामा यो प्रसङ्ग विचार गरेर अनुशरण गऱ्यौं भने फलदायी हुनेछ।

त्यस्तै भगवानको नाममा ठूलो शक्ति छ। एकाग्रतापूर्वक कुनै नाम हरि, शिव, दुर्गा,राम, कृष्ण आदि जप ग्रहण गर्नुपर्छ। यसरी शरणागत भई भक्तिपूर्वक भगवानलाई पुकारा, स्मरण गर्नाले रोगमुक्त बन्न सकिन्छ भनेर स्कन्द पुराणमा भनिएको छ। आयुर्वेदका प्रवर्तक भगवान् धनवन्तरीको स्मरणबाटै ठूला रोग नाश हुन्छन्। 'विश्वासं फलदायकं' भनिएको छ। विश्वासपूर्वक भगवानको नाम लियौं भने त्यो अवश्य फलदायी हुन्छ। हाम्रो धर्मशास्त्र ( वैदिक शास्त्र) विश्वासमा टिकेको छ। मन्त्रमा, शास्त्रमा, गुरुमा, देवतामा, ब्राह्मणमा, ज्योतिषमा, औषधिमा र वैद्यमा जसको जस्तो भावना हुन्छ, निष्ठा राख्दछ त्यही अनुसार फल प्राप्त गर्दछ भनिएको छ।

संसारमा त्यस्ता व्यक्तिहरु विरलै हुन्छन्, जसले आफ्नो शक्तिको परिचय प्राप्त गरेको होस्। त्यो आफ्नो शक्ति जान्नका लागि ध्यान, प्रार्थना गर्नुपर्छ। जसबाट मानिसले आफ्नो शक्तिलाई जान्दछ। यसबाट संकल्प शक्ति जागृत हुन्छ। प्रत्येक व्यक्तिमा स्वभाविक विचित्र दैविशक्ति विद्यमान रहेको हुन्छ। त्यसबाट रोगलाई नष्ट गर्न सक्दछ। त्यसलाई जगाउनका लागि ध्यानको मार्ग अपनाउन पर्दछ भनेर बताइएको छ। विधिपूर्वकको ध्यानबाट सच्चिदानन्दस्वरुप परमात्माको स्मरण गर्नाले तामसिक र राजसिक वृत्तिहरुको प्रभावबाट मुक्त बन्न सकिन्छ। जसबाट हामी सात्विकता र पवित्रताको मार्गमा अघि बढ्न सक्छौं। अनि हाम्रो सम्बन्ध आनन्द, शान्ति र शक्तिका साथ हुनेछ र सारा बाधाहरुमा विजय प्राप्त हुनेछ भनेर शास्त्रज्ञ आचार्यहरु बताउँछन्।

कुनै पनि रोगको उपचार गर्नु अघि प्रार्थनाको आवश्यकता छ। प्रार्थना ठूलो बल हो। प्रार्थना जप-ध्यानकै रुपान्तरण हो। ध्यानस्थ भएर रोगी र रोगको नाम लिँदै रोगीको रोग नष्ट गर भनी भगवत प्रार्थना गर्नुपर्दछ भनेर बताइएको छ। महामारीको संकटपूर्ण अवस्थामा सामूहिक रुपमा गर्न नसकिए पनि सबैले आ-आफ्नो स्थानमा बसेर कल्याणमय भावनाले प्रार्थना गर्न सकिन्छ।

यसरी वैदिक सभ्यतामा अन्तष्करण चिकित्सा पद्धतिको प्रसङ्ग उल्लेख गरिएको पाइन्छ। वैदिक साधना पद्धतिमा भय र रोग बमुक्तिका सम्बन्धमा पनि बताइएको छ। तर, हामीले त्यसतर्फ ध्यान दिएनौं। यसरी के हुन्छ र ? भन्न थाल्यौ। यसकै परिणाम यो भयावह महामारी त होइन भन्ने प्रश्न उठ्ने गरेको छ। यो बडो विचारणीय छ। कतिपय अध्यात्मवादी विचारकहरुले आजको महामारीको रुपमा व्याप्त नोबेल कोरोना भाइरसलाई एक शक्तिशाली राक्षसको रुप भएको संकेत गर्दै नास्तिकताकै उपज भएको बताइसकेका छन्। यस्ता असाधरण विपतिको सन्त्रासबाट मुक्त हुन ईश्वरप्रति आस्थावान् भई धार्मिक आचारविचारमा जोड दिनुपर्ने उनीहरुको भनाइ छ। वैदिक तथा प्राकृतिक आचारविचार पालनाका लागि मानिसलाई सचेतना प्रदान गर्न पनि यसको आगमन भएको उनीहरुको बुझाइ छ। भय-रोगबाट मुक्ति र रक्षाका लागि वैदिक मन्त्रमा भनिएको छ- 'तिमी मित्रबाट, जो मित्र छैन त्यसबाट पनि निर्भय बन्। देखेको-जानेको, नदेखेको-नजानेको, पुरुष-संसारबाट दिन र रातमा पनि निर्भय बन्। सबै विषयहरु तिम्रा मित्र भइरहेका छन्। परमात्मा सबै प्रकारले तिम्रा सहयोगी भएर रक्षकका रुपमा रहनु भएको छ। तिमी परमात्माप्रति निर्भय छौ। तिमी परम निर्भय भएर परमात्माप्रति निर्भय हुन्छौ। ( संस्कृत श्लोक सबैका लागि बोधगम्य नहुने भएका कारण उल्लेख गरिएको छैन) यसरी यस्तो भावनालाई हामीले बारम्बार दोहोऱ्याउन सक्यौं भने अन्तरमनमा विलक्षण प्रभाव पर्दछ। जसबाट प्रेम, आरोग्य, शक्तिधारा हाम्रो शरीर वा रोगीमा प्रवाहित हुन थाल्दछ।

रोगब्याधि निवारणमा ईश्वरको आश्रय तथा आस्तिकताको भावमा जोड दिँदै शास्त्र भन्छ- परमात्मा नै परम वैद्यका रुपमा हुनुहन्छ। उहाँकै शरण र आश्रयमा जति पनि चिकित्सकीय कार्य छन्, परमात्माको स्मरण गरेर गरोस्, निर्भय र निश्चिन्त रहोस्। स्वयम् परब्रह्म परमात्मा श्रीहरि स्वरुप धनवन्तरीले भन्नुभएको छ- 'अच्युत, आनन्द, गोविन्द, परमात्माको नाम उच्चारणरुप औषधिबाट सबै रोगको नाश हुन्छ, जसले यी नामहरु उच्चारण गर्दछ त्यसबाट सबै रोग नष्ट हुन्छ म सत्य सत्य भन्दछु।'

अतः कोरोना भाइरस (कोभिड-१९) का कारण विश्वभर उत्पन्न असहज परिस्थितिमा केवल धैर्यता र भगवानप्रतिको आस्था विश्वास र श्रद्धालाई अक्षुण्ण राख्नुपर्छ, अझ बढाउनुपर्छ। आगामी दिनहरु सहज र सकारात्मक हुनेछ भन्ने दृढ विश्वासका साथ अगाडि बढ्नुपर्छ। भगवानले अवश्य हामीलाई शक्ति र आशिर्वाद प्रदान गर्नुहुन्छ।

# महामारीपछिको पुनर्निर्माणको लागि पनि सोच्ने कि ?



डिल्ली हुमागाँई

कोरोना भाइरस (कोभिड-१९) को महामारीको कारण संसार आज आक्रान्त बनेको छ। यसको निकासको लागि संसारका बादशाह मानिने मुलुकहरु समेत लागि नपरेको पनि होइन तर पनि अहिले सम्म कुनै ठोस् निकास मिलेको छैन। नेपाल जस्तो गरिबीको रेखामुनि रहेको देशको लागि त यो झन चुनौति हो भन्दा अतियुक्ति नहोला।

यसकै कारण हाम्रो देश नेपाल पनि प्रभावित भएको छ। लगभग दुई महिनाभन्दा बढी लकडाउन भइसक्दा समेत यसको रोकथाम र भबिष्यमा आउन सक्ने जोखिमको लागि हुनुपर्ने जति तयारी नहुनु भनेको दुखद् मात्र नभएर घातक पनि हो भन्ने धेरैको विश्लेषण रहेको छ।

एकातिर भाइरसको बिकराल समस्या छ भने अर्कोतिर भोकमरीको समस्या धेरै परिवारलाई गाह्रो बनिसकेको छ। आज मानिसहरु कोरोना भाइरसको भन्दा आफ्ना बालबच्चाको भोक कसरी मेटाउने अनि दैनिकी कसरी चलाउने समस्याले चिन्तित



बन्न थालिसकेका छन्। नेपाल जस्तो निम्न वर्गीय परिवारको बाहुल्यता रहेको देशले न त जनताको समस्यालाई समाधान गर्न सक्ने स्थिति छ न त बिगत दुई महिनाबाट चल्दै आएको लकडाउन नै घटाउन सक्ने अवस्थामा छ।

नेपालमा दिन दुई गुणा र रात चार गुणामा कोराना भाइरसको संक्रमण बढी रहेको छ। प्रथमतः खुल्ला सीमानाको असर अनि छिमेकी मुलुकमा कामको सिलसिला गएकाहरु अबैधानिक रुपमा हुने फिर्तीको कारण नेपालमा कोरोनाको जोखिम दिनानुदिन बढिरहेको छ।

सरकार आफै यतिबेला सीमाना बिबादमा फसिरहेको छ। यसले पनि सरकारलाई कुन काम पहिलो प्राथमिकतामा राख्ने र कुन काम दोस्रो प्राथमिकतामा पार्ने हो भन्ने द्विबिधामा परिरहेको होला। बिदेशमा रहेका ऊर्जाशील लगभग ५० लाख युवाको अवस्था पनि त्यस्तै छ। धेरैको रोजगारी गुमिसकेको छ भने अझै धेरैको रोजीरोटी गुम्ने निश्चित छ। अब ती युवा नेपाल फर्किंदै गर्दा नेपालले दुरगामी र प्रभावकारी नीति र योजना ल्याउन अत्यन्तै जरुरी भएको छ। आम युवाहरुको भबिष्यलाई केन्द्रमा राखेर नीति निर्माण नगर्ने हो भने देश आफै संकटको भूमरीमा फस्ने निश्चित छ। सम्पूर्ण जनताको अभिभावक भएको हैसियतले सरकारले अहिलेदेखि नै उनीहरुको जनजीविकाका बारेमा सोच्न नथाल्ने हो भने पछि धेरै बिलम्व भइसकेको हुनेछ।

कोरोनाले (कोभिड-१९) अहिले संसारभरि र मानवजातिको लागि ठूलो पाठ सिकाएको छ। आज विश्व नै कोरानाबाट आक्रान्त बनेको परिप्रेक्ष्यमा निकासको खोजी गर्न हरतरहबाट प्रयासरत् छन्। यसैको कारण मानिसहरु संक्रमित हुने दर त उच्च छ नै मर्ने दर पनि घट्न सकेको छैन। इतिहासकै यही भयावह परिस्थितिमा अवको मानव जीवनको दिशा कस्तो रहने र कस्तो हुने भन्ने गतिलो पाठ सिकाएको छ। मानव जीवनमा स्वास्थ्य नै पहिलो र महत्वपूर्ण कुरा हो भन्ने बिषयलाई जवरजस्त रुपमा स्थापित गरिदिएको छ। हरेकको बोली सुगा रटाईको रुपमा आउने स्वास्थ्य नै सबैभन्दा ठूलो सम्पत्ति हो भन्ने खोक्रो भाषणलाई सम्पूर्ण रुपले नंगाइदिएको छ। हामीले भन्ने गरेको र गर्ने गरेका व्यवहारहरु बास्तवमै के र कस्ता थिए सोच्न बाध्य बनाएको छ कोरोनाले।

हाम्रो दैनिक जनजीवन र खानपानकै कारण यो समस्या आएको हो भन्नेमा कुनै द्विविधा रहेन। काम र पैसाको पछि दौडिदा दौडिदा हामीले आफ्नै दैनिकीहरु पुरै बिगार्नुको उपज आजको यो समस्या निम्तिएकोमा कुनै शंका रहेन। त्यसैले अहिले आएको महामारीले हाम्रो दैनिक जीवन सुधार्नु पर्ने जनाउ दिएको साँचो हो।

मानिसको जीवनमा नभई नहुने तीनवटा कुराहरु छन्- हावा पानी र खाना। के आजको दिनमा हामी यो तीन वटै चीज स्वच्छ रूपमा लिइरहेका छौँ त ? पक्कै पनि छैन। आजभोलि हामी स्वच्छ र होम मेड खानाबरु भन्दा जङ्क फुडमा मात्र भरोसा गर्न थालेका छौँ। पानी आर्सेनिकले भरिएको पिउँदै छौँ। आजको दिनमा बोटल वाटरहरु पनि मिनिरलयुक्त छैनन्। पानी पिउनका लागि मात्र छन् । हावाको त कुरै नगरौ। बिश्वको १८० देशको हावा मापनमा नेपाल पनि १७६ नम्बरमा परेको छ। नेपालको शहरी क्षेत्र मात्र होइन हरेक ठाउँमा हावा प्रदुषित तीब्र रुपमा भइरहेको छ। जसको कारण मानिसहरुलाई धेरै रोग लाग्ने गरेको छ। तसर्थ, कोरोनाबाट बच्न हाम्रो खाना, पानी, हावा स्वच्छ हुनु आवश्यक छ। तर, आज यो भइरहेको छैन। स्वास्थ्य नै धन हो भनेर पढाइ भए पनि व्यवहारिक जीवनमा कहिल्यै लागू हुन सकेको थिएन तर अब पनि मानिस स्वास्थ्यको बिषयमा जानकार भएनन् भने जीवन अहिलेको भन्दा कष्टकर हुन्छ। यसको लागि सरकारी र नीति निर्माण तहबाट नै स्पष्ट खाका बनाएर अघि बढ्नु पर्ने देखिन्छ।

विश्वभरी महामारीको रुपमा फैलिएको कोरोनाले हाम्रो सांस्कृतिक मानसिक तथा आर्थिक सम्पूर्ण अवस्था तहसनहस बनाइदिएको छ। पुरानोको बिघटन र नयाँको निर्माण अनिवार्य शर्त हो। करिब-करिब पुरानोको विघटन भइसकेको र नयाँको निर्माण प्रकृया शुरु नभइसकेको बर्तमान अवस्थामा आम जनताको सहयोगमा सरकारी तहबाटै जनताको सामाजिक, आर्थिक र भौतिक प्रगतिको लागि अहिलेबाट नै योजनाबद्ध ढंगले नीति निर्माण गरेर अघि नबढ्ने हो भनै झनै ठूलो खाडल निर्माण हुने निश्चित छ। सरकारले अब पनि भबिष्यको बारे नीति नियम र योजना ल्याउन नसक्ने हो र दीर्घकालीन रोजगारीको योजना नल्याउने हो भने देश ठूलो दल-दलमा फस्ने सम्भावना त छ नै देश भोकमरी र बेरोजगारी चरम बिन्दुमा पुग्ने कुनै दुईमत छैन।

# भारतमा कोरोनाबाट संक्रमितहरु डेढ लाख नाघे

**नयाँदिल्ली, जेठ १४।** भारतमा पछिल्लो चौबीस घण्टामा कोरोनाभाइरसबाट नयाँ संक्रमित भएका व्यक्तिको संख्या छ हजार तीन सय ८७ रहेको छ।

भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयलका अनुसार भारतमा कूल संक्रमितको संख्या एक लाख ५१ हजार सात सय ६७ पुगेको छ। कोरोना संक्रमणबाट विगत चौबीस घण्टामा एक सय ७० जनाको मृत्यु भएको छ। यो सहित भारतमा कूल मृत्यु भएका व्यक्तिको संख्या चार हजार तीन सय ३७ भएको मन्त्रालयले जनाएको छ। उपचारको क्रममा रहेकामध्ये ६४ हजार चार सय २५ जना विभिन्न अस्पतालबाट डिस्चार्ज भएका छन्।

भारतीय राज्य महाराष्ट्रमा कोभिड-१९ बाट सर्वाधिक मानिस प्रभावित भएका छन्। यहाँ हालसम्म ५४ हजार सात सय ५८ जना संक्रमित भेटिएका छन्। तमिलनाडुमा १७ हजार सात सय २८ तथा गुजरातमा १४ हजार आठ सय २१ जना तथा भारतीय राजधानी नयाँदिल्ली प्रदेशमा १४ हजार चार सय ६५ जना संक्रमित देखिएका छन्।

# अमेरिकी कम्पनीद्वारा खोप परीक्षण

**क्यानबेरा, जेठ १४।** संयुक्तराज्य अमेरिकाको एक बायोटेक्नोलोजी कम्पनीले यसै वर्षको अन्त्यसम्ममा कोरोनाभाइरसको प्रामाणिक खोप तयार गर्ने आशाका साथ अष्ट्रेलियामा एक व्यक्तिलाई सुई लगाएर खोप कार्यक्रमको शुभारम्भ गरेको छ।

अमेरिकी कम्पनी नोभाभाक्सले परीक्षणको पहिलो चरणमा अस्ट्रेलियामा एक सय ३१ जना स्वयम्सेवीलाई खोप दिनेछ र यसको प्रभावकारिताका संकेतहरूको जाँच गर्नेछ- कम्पनीका अनुसन्धान प्रमुख डा. ग्रेगरी ग्लेनले भने।

कोरोनाभाइरसविरुद्ध विश्वभर एक दर्जन प्रयोगात्मक खोपहरू परीक्षणका क्रममा रहेका छन्। प्रायः यी खोपहरु चीन, अमेरिका र युरोपमा परीक्षण भइरहेका छन्। तर, अहिलेसम्म कुनै पनि खोप सुरक्षित र प्रभावी सावित भइसकेका छैनन्। यी खोप निर्माणमा भिन्न तरिका र उच्च प्रविधि अपनाइएका छन्।

ग्लेनले नोभाभाक्सको मुख्यालय मेरिल्यान्डबाट भर्चुअल पत्रकार सम्मेलन गर्दै भने- हामी समानान्तर डोज बनाउँदैछौं र हामीले यस वर्षको अन्तमा खोप सार्वजनिक प्रयोगमा ल्याउन सक्षम हुनेछौं। पशुहरुमा गरिएको परीक्षणमा खोपको न्यून डोज प्रभावकारी देखिएको छ। उनले नोभाभाक्सले यस वर्ष कम्तीमा १० करोड डोज र अर्को वर्ष सन् २०२१ भित्रमा १.५ अर्ब डोज उत्पादन गर्न सकिने बताए।

ग्लेनले भने- एनभिएक्स-कोभ२३७३ नाम दिइएको यस खोपको उत्पादन गर्न गत मार्चयता नर्वेस्थित एक संस्थाले मार्च महिनायता ३८ करोड ८० लाख डलर लगानी गरेको छ।

मेलबोर्न र ब्रिस्बेनमा क्लिनिकल परीक्षणको पहिलो चरणको नतिजा जुलाईमा प्राप्त हुने अपेक्षा गरिएको नोभाभाक्सले जनाएको छ। धेरैवटा मुलुकका अरु हजारौं व्यक्तिलाई दोस्रो चरणमा समावेश गरिनेछ।

अस्ट्रेलियाको सहयोगी संस्था न्यूक्लियस नेटवर्कका संक्रामक रोग विशेषज्ञ पल ग्रिफिनले मेलबोर्नमा छ जना स्वयम्सेवीलाई खोप दिएर कार्यक्रम शुभारम्भ गरिएको जानकारी दिए। नोभाभाक्सका पदाधिकारीले गत महिना एसोसिएटेड प्रेससँगको भेटमा हाम्रो खोप बनाउने तरिका भिन्न छ, हामी भाइरसलाई कहिल्यै छुँदैनौं भनेका थिए।

## झापामा कारागारमा दुई जना कैदीबन्दीको मृत्यु

**भद्रपुर, जेठ १४।** झापा कारागार भद्रपुरमा एकै दिन दुई जना कैदीबन्दीको मृत्यु भएको छ ।

मृतक दुवै जना जबरजस्ती करणी मुद्दामा जेल जीवन बिताइरहेका थिए । मृत्यु हुने कैदीबन्दीद्वय भद्रपुर नगरपालिका-६ बस्ने ५० वर्षीय अनुरञ्जन घोष र कचनकवल गाउँपालिका-७ बस्ने ३२ वर्षीय किशनलाल राजवंशी रहेको झापा कारागारका जेलर राजेन्द्र निरौलाले जानकारी दिए । उनका अनुसार फोक्सोमा पानी जमेर मेची अञ्चल अस्पताल भद्रपुरको आइसीयुमा उपचाररत् घोषको मंगलवार दिउँसो मृत्यु भएको हो ।

अदालतले जबरजस्ती करणी मुद्दामा १३ वर्ष सजाय तोकेको घोष २०७१ साल मंसीर २२ गतेदेखि कारागारमा कैद भुक्तान गरिरहेका थिए । त्यस्तै मृगौलाका बिरामी रहेका राजवंशी मंगलवार बिहान कारागारभित्रै बेहोस भएर लडेका थिए । उनलाई तत्काल उपचारका लागि मेची अस्पताल पुर्‍याए लगत्तै उनको मृत्यु भएको हो । राजवंशीलाई अदालतले ३ वर्ष जबरजस्ती करणी मुद्दामा सजाय तोकेको थियो । उनी २०७६ साल असोज ७ गतेदेखि कारागारमा कैद भुक्तान गरिरहेका थिए । मृत्यु हुने दुवै शवलाई परिवारजनलाई जिम्मा लगाइसकेको जनाइएको छ ।

# उद्योगीले दिएनन् चैतको पारिश्रमिक

**झापा, जेठ १४।** कोभिड-१९ सङ्क्रमणको जोखिम कम गर्न सरकारले लकडाउनको घोषणा गरेको अवस्थामा गत चैत महिनाको पूरा पारिश्रमिक उपलब्ध गराउने प्रतिबद्धता गरेका अधिकांश उद्योगी व्यवसायी आफ्नै प्रतिबद्धताबाट पछि हटेका छन् ।

नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) ले कोभिड-१९ का कारण श्रमिकमा परेको समस्याको सम्बन्धमा गरेको द्रुत सर्वेक्षणले 'लकडाउन' शुरु भएपछि ठूलो सङ्ख्यामा श्रमिकले पारिश्रमिक नपाएको देखिएको छ। गत चैत महिनामा ४२ दशमलव १ प्रतिशत प्रतिष्ठानले श्रमिकलाई पारिश्रमिक उपलब्ध नगराएको सर्वेक्षणमा उल्लेख छ। यसैगरी चैतमा पारिश्रमिक दिएका प्रतिष्ठानमध्ये आधाले समेत गत वैशाखमा पारिश्रमिक नदिएको देखिएको छ ।

सो द्रुत सर्वेक्षणमा विराटनगरदेखि कैलालीसम्मका उद्योग, होटल, निर्माण कम्पनी, निजी विद्यालय, टेक्सटाइल तथा गार्मेन्टदेखि स्वास्थ्य संस्थासम्म गरी मुलुकका ३२३ प्रतिष्ठानलाई समेटिएको थियो । सर्वेक्षण अनुसार चैत महिनामा ३१ दशमलव ५७ प्रतिशत प्रतिष्ठानले मात्र श्रमिकलाई पूरा पारिश्रमिक दिएको देखिएको छ । ७ दशमलव ४३ प्रतिशतले आंशिक भुक्तानी गरेका छन् भने १८ दशमलव ८८ प्रतिशतले पेश्कीका रुपमा पारिश्रमिक उपलब्ध गराएको देखिएको हो । यसरी दिइएको पेश्की रकम पारिश्रमिकभन्दा कमसमेत हुने गरेको छ ।

यसरी पारिश्रमिक नदिइएका प्रतिष्ठानमध्ये धेरैजसोमा युनियनसँगको छलफलपछि दिने, बजेटपश्चात् मात्र विचार गर्ने, कुनैले आधा मात्र पारिश्रमिक दिने वा पारिश्रमिक घटाएर मात्र भुक्तान गर्ने जनाएको सर्वेक्षणमा सहभागीले जानकारी दिएका छन् । केही प्रतिष्ठानले भने उद्योग कहिले सञ्चालन हुन्छ, त्यसपछि मात्र दिन सकिने वा नसकिने वा कसरी दिने भन्ने टुङ्गोमा पुग्ने बताएको छ ।

**बहुसंख्यक सामाजिक सुरक्षा कोषमा सूचीकृत छैनन्**

सर्वेक्षणमा संलग्न उद्योग, प्रतिष्ठानमध्ये बहुसंख्यक प्रतिष्ठान सामाजिक सुरक्षा कोषमा सूचीकरण नभएको देखिएको छ । प्रतिष्ठानको नाममात्र सूचीकरण गर्नेहरु ४९ दशमलव २२ प्रतिशत रहेका छन् । तीमध्ये २१ दशमलव ३६ प्रतिशतले श्रमिकलाई समेत सामाजिक सुरक्षा कोषमा सूचीकरण गराएको देखिएको छ । रोजगारदाताको सूचीकरण, श्रमिकको सूचीकरण गरी कोषमा योगदान शुरु गर्ने प्रतिष्ठानको संख्या १० दशमलव ५२ प्रतिशत मात्र रहेको जनाइएको छ ।

**सञ्चालनमा थोरै उद्योग प्रतिष्ठान**

अध्ययन अनुसार औषधि, खाद्य तथा पेयसम्बन्धी उद्योग, केही निर्माण कम्पनीसहितका स्वास्थ्य संस्थासमेत गरी १७ दशमलव ६४ प्रतिशत प्रतिष्ठान मात्र यसबीचमा पूर्णरुपमा सञ्चालनमा रहेको देखिएको छ । १३ दशमलव ६३ प्रतिशत प्रतिष्ठान आंशिकरुपमा सञ्चालित छन् भने ६८ दशमलव ७३ प्रतिशत औद्योगिक तथा सेवामूलक प्रतिष्ठान बन्द रहेको देखिएको छ ।

जिफन्टले कुनै पनि प्रतिष्ठानलाई नेपाल सरकारले कर छुट, जरिवाना मिनाहा वा ब्याज अनुदान वा कुनै सुविधा दिने निर्णय गर्दा श्रमिकलाई पारिश्रमिक दिएको र सामाजिक सुरक्षा कोषमा योगदान गरेको हुनुपर्ने व्यवस्था मिलाउन आग्रह गरेको छ । श्रमिकलाई पारिश्रमिक दिन अनिवार्य गर्ने अन्य कानूनी प्रबन्ध पनि गर्न जिफन्टले आग्रह गरेको छ ।

कार्यस्थलमा कोरोना सङ्क्रमण हुने अवस्था नआउने गरी सामाजिक दूरी कायम गरी औद्योगिक प्रतिष्ठान सञ्चालन गर्ने वातावरण सिर्जना गर्न जिफन्टले सरकारलाई सुझाव दिएको छ ।

## कोरियामा मास्क नलगाई यात्रा गर्न नपाइने

**काठमाडौं, जेठ १४।** कोरोना महामारी नियन्त्रण गर्न सफल देश भनेर चिनिएको दक्षिण कोरियामा दोस्रो महामारीको रूप नलेओस् भन्नका लागि मंगलबारदेखि यहाँ मास्क अनिवार्य गरिएको छ ।

'नो मास्क, नो राइड' भन्ने नयाँ नियमानुसार ट्रेन, बस र ट्याक्सीमामा यात्रा गर्ने यात्रु तथा चालकले समेत अनिवार्यरूपमा मास्कको प्रयोग गर्नुपर्ने छ । मास्क प्रयोग नगरी यात्रा गरे/गराएमा कारवाही हुने रोग नियन्त्रण महाशाखा केसिडीसीले बताएको छ। नियम उल्लंघन गर्ने यात्रुलाई यात्रामा प्रतिबन्ध लगाइ कानूनअनुसार कारवाहीसमेत गरिने नियममा उल्लेख छ ।

अन्तर्राष्ट्रिय तथा आन्तरिक उडानमा यात्रा गर्ने यात्रुलाई भने आजदेखि यो नियम लागू हुने जनाइएको छ। सार्वजनिक यातायातबाट कोरोना सङ्क्रमण फैलिने जोखिमदर उच्च हुने भएकाले सङ्क्रमण नफैलियोस् भनेर यो नियम जारी गरिएको जनाइएको छ। नियमानुसार मास्क नलगाइ यात्रा गर्न चाहने यात्रुलाई बस वा ट्याक्सी चालकले यात्रामा रोक लगाउनसमेत सक्नेछन् ।

यससँगै केही अघि मात्र इथेवन शहरको एक रात्रि क्लबबाट सङ्क्रमण फैलिएपछि यहाँका क्लब तथा बारहरु पनि बन्द गरिएका छन् । कोरियामा ११ हजार दुई सय २५ कोरोना सङ्क्रमित छन् भने १० हजार दुई सय ७५ बढी निको भएर घर फर्किसकेका छन् । हालसम्म कोरियामा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको संख्या दुई सय ६९ रहेको छ ।

## जन्मदिनको रकम कोरोना कोषमा



**बिर्तामोड, जेठ १४।** झापा विर्तामोड-१की तिलोत्तमा खत्रीले फरक तरिकाले जन्मदिन मनाएकी छिन् ।

उनले बिर्तामोड क्षेत्रमा रहेका विपन्न परिवारलाई खाद्यन्न तथा अत्यावश्यक सामग्री खरिदको लागि बिर्तामोड नगरपालिका बडा नं. १ले स्थापना गरेको कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोषमा ११ हजार रुपैयाँ प्रदान गरेर जन्मदिन मनाएकी हुन् ।

बिर्तामोड बडा नं. १का वडाध्यक्ष अग्निप्रसाद पाण्डेलाई खत्रीले उक्त रकम हस्तान्तरण गरेकी थिइन् । कार्यक्रममा सहभागी नेकपा विर्तामोड बडा नं. १ वडाकमिटीका अध्यक्ष त्रिलोचन प्रसाई, नेपाली कांग्रेस बडा नं. १का वडा समितिका अध्यक्ष नगेन्द्र बस्नेतले खत्रीले गरेको कार्यको प्रशंसा गरेका थिए ।

विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमणबाट बच्न सरकारले जारी गरेको लकडाउनमा बिर्तामोड बडा नं. १मा रहेका विपन्न, अपाङ्ग, असहाय, दैनिक ज्यालादारी गर्ने मजदुरको परिवार भोकै बस्न नपरोस् भन्ने उद्देश्यले खाद्यन्न तथा अत्यावश्यक सामग्री खरिदको लागि उक्त रकम सहयोग गरेको खत्रीले बताइन् । खत्री इलाम झापा मैत्री समाज विर्तामोड नगर अध्यक्ष, अरनिको टोल बिकास संस्थाकी उपाध्यक्ष, महिला तथा वालवालिका जागरण अभियानकी सचिव लगायत विभिन्न संघसंस्थामा आवद्ध रहेकी छिन् ।

## हावाहुरीले क्षति, विघुत् अवरुद्ध

**गणेश अर्याल**



**इलाम, जेठ १४।** मंगलबार बेलुका आएको हावाहुरीले इलामको बिभिन्न स्थानीय तहमा नोक्सान पुर्‍याएको समाचारहरु प्राप्त भएका छन् ।

जिल्लाको दक्षिण पूर्वमा रहेको रोङ गाउँपालिका-६ सलकपुरमा तीन वटा घरको छाना उडाएको छ । सलकपुरस्थित ल्वाङ तामाङको घरको छाना उडाएर करिब १ किलोमिटर पर पुर्‍याएको गाउँपालिका अध्यक्ष शम्शेर राईले जानकारी दिए । त्यसैगरी निरबहादुर स्याङ्बोको दुई वटा घरको छाना उढाएको बताइएको छ । हावाहुरीले अन्य व्यक्तिको समेत घरको छानामा क्षति भएको गाउँपालिका अध्यक्ष राईले बताए ।

हावाहुरीको कारण किसानले लगाएको तरकारी बालीमा पनि क्षति पुगेको किसानहरुले बताएका छन् । रोङ-६कै जौंबारी लामा गाउँमा पनि किसानको गाईको गोठ बाख्राको खोर तरकारी बारी लगायतमा नोक्सान पुगेको स्थानीय मनबहादुर तामाङले बताए ।

उता इलामकै सूर्योदय नगरपालिका लक्ष्मीपुर बर्दु लगायतको स्थानमा पनि नोक्सान पुगेको छ । किसानले लगाएको स्कुसको माच हावाले लडाएको टमाटर, मकै भाँचेर क्षति गरेको स्थानीयबासी श्याम भट्टराईले बताए । माइजोगमाई गाउँपालिकाको सोयाङ नामसालिङ प्याङ लगायतको स्थानमा पनि हावाहुरीले नोक्सान पुर्‍याएको बताइएको छ ।

त्यस्तै हावाहुरीले गाउँमा बितरण भएको काठको अधिकांश पोलहरु भाँचिएको छ । काठको पोल भाचिँदा बिद्युत् सेवा समेत अवरुद्ध भएको छ । बिजुली अवरुद्ध हुँदा मानिसहरुलाई मोबाइल चार्ज गर्न समेत समस्या भएको छ । इलाम जिल्ला मा समेत विद्युत् अवरुद्ध भएको नेपाल बिद्युत् प्राधिकरण इलाम बितरण केन्द्रले जनाएको छ । धेरै बर्ष पुरानो काठको पोलहरु कमजोर भइसकेको अवस्थामा हावाको बोझ थाम्न नसक्दा भाँचिएको बताइएको छ ।

## क्वारेन्टिनमा बसेकाको रिपोर्ट नेगेटिभ

**शान्तिनगर, जेठ १४।** झापाको बुद्धशान्ति गाउँपालिकाले तयार गरेको क्वारेन्टिनमा बसेकाहरुको कोरोना जाँचको रिपोर्ट नेगेटिभ आएको छ । जेठ ११ गते पीसीआर विधिबाट स्वाव संकलन गरी विराटनगर पठाइएको थियो । बुधवार आएको रिर्पोटमा उनीहरुको रिपोर्ट नेगेटिभ आएको बुद्धशान्ति गाउँपालिका स्वास्थ्य शाखाका प्रमुख भोला अधिकारीले जानकारी दिए ।

क्वारेन्टिनमा रहेका २६ जनासहित इलाका प्रहरी कार्यालयका इञ्चार्ज युवराज राई र गाउँपालिकाका प्रशासकीय अधिकृत इन्द्रप्रसाद चाँपागाईसहित २८ जनाको स्वाव परिक्षणका लागि विराटनगर पठाइएको थियो । बुद्धशान्ति-१स्थित बुद्धआदर्श माध्यमिक विद्यालयलाई क्वारेन्टिन बनाइएको छ ।

हाल सो क्वारेन्टिनमा १ सय ९ जना रहेको र बुधवार बाँकी रहेका ८३ जनाको पीसीआर विधिबाट स्वाव संकलन गरिएको छ। उक्त संकलन गरिएको स्वाव परीक्षणका लागि विराटनगर पठाइएको छ । क्वारेन्टिनमा रहेकाहरुको स्वाव संकलन जिल्ला स्वास्थ्य कार्यालयका टोली र स्वास्थ्य चौकी बुधवारेका २ जना ल्याव टेक्निसियनको सहयोगमा उनीहरुको स्वाव संकलन गरिएको हो । उनीहरुको रिपोर्ट केही दिनमा आउने स्वास्थ्य शाखाले जनाएको छ ।

सो क्वारेन्टिनमा बुद्धशान्तिकासहित इलाम, पाँचथर, ताप्लेजुङ र तेह्रथुमका नागरिक रहेका छन् । क्वारेन्टिनमा भारतको लखनउ, मध्य प्रदेश, कानपुर, दिल्ली, आसाम लगायतका ठाउँबाट आएका धेरै छन् ।

## क्वारेन्टिनमा बसेका योगाभ्यासमा

**कनकाई, जेठ १४।** झापाको कनकाई नगरमा क्वारेन्टिनमा बसेका मानिसलाई नियमित योगाभ्यास गराउन थालिएको छ ।

नगरको कनकाई बहुमुखी क्याम्पस सुरुङ्गामा रहेको क्वारेन्टिनमा बस्दै आएका ५६ जनालाई क्वारेन्टिन परिसरमै सामाजिक दूरी कायम राख्दै बिहान ६ बजेदेखि पहिलो चरणमा योगाभ्यास सञ्चालन गरिएको हो ।

कोरोनाको कहरसँगै लकडाउन थप हुँदै गएको वर्तमान अवस्थामा उत्पन्न विभिन्न किसिमका मानसिक तनावबाट अलग रहनसमेत सहयोग पुग्ने विश्वासका साथ योगाभ्यास सञ्चालन गरिएको बताइएको छ । पतञ्जली योग नगर समिति कनकाईले योगाभ्यासको सहजीकरण गरेको समितिका नगर अध्यक्ष टीकाप्रसाद जमरकट्टेलले बताए । अभ्यासका क्रममा स्वस्थ खानपान, योग व्यायाम, प्रणायमका साथै स्वास्थ्य सुरक्षा सामग्रीको उचित प्रयोगका बारेमा जानकारी दिइने छ ।

क्वारेन्टिनमा बस्दै आएका मानिसको रोगसँग लड्ने क्षमताको विकास गर्दै उनीहरुको आत्माबल बढाउनका लागि योगाभ्यासको भूमिका महत्वपूर्ण हुने विश्वास लिइएको छ । भारतले लकडाउन खुकुलो पारेसँगै झापाका सीमावर्ती क्षेत्रबाट नेपाल प्रवेश गरेका नेपालीको क्वारेन्टिन बसाइलाई सहज बनाउने उद्देश्यले योगाभ्यास सञ्चालन गरिएको कनकाई नगरपालिकाकी उपप्रमुख एवम् नगरस्तरीय कोरोना सङ्क्रमण रोकथाम तथा विपद् व्यवस्थापन समिति संयोजक मञ्जु प्रसाईंले बताइन् ।

रोजगारीको सिलसिलामा भारतको विभिन्न ठाउँमा रहेका नेपाली स्वदेश फर्कने क्रम बढेपछि कनकाई नगरका क्वारेन्टिनमा केही निश्चित समयसम्मका लागि राखिएका नगरवासीलाई योगाभ्यास गराउन थालिएको नगर उपप्रमुख प्रसाईंले जानकारी दिइन् । उपप्रमुख प्रसाईंले योगाभ्यास सञ्चालन भइरहेको क्वारेन्टिन परिसरमै गएर योगाभ्यासमा सहभागी भई क्वारेन्टिनवासीलाई हौसला प्रदान गरेकी थिइन् ।

**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



**उपचार हुने समस्याहरु :**

- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा

फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

**पत्रिका समयमा पाउनु भएको छैन ?**

मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट भट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**वर्गीकृत विज्ञापन**

**सुवर्ण अवसर**

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ । तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**

बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

**हिजोको सूनचाँदीको भाऊ**

| | |
|---|---|
| छापावाला सुन | ७७,०००।- |
| तेजावी सुन | ७६,७००।- |
| असल चाँदी | ७२५।- |

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**आवश्यकता**

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)

*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*

**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड

फोनः ०२३-५४३००३/५४६६१४,
९८०१४१६८४०, ९८०१४१६८४१,
९८५२६७३९५५

**कोरियन भाषामा विशेष छुट**

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला ।

**Divine Int'l Acadamy (Dia)**

Birtamode 023-543821, 9823714550

अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**डाक्टर आउने बारेको सूचना**

**डा. पवन पराजुली** NMC No. 7465

MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM

ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ

महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)

**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**

बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः

बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।

बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७

काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** हतारको निर्णयले समस्या निम्त्याउन सक्छ। आत्मसम्मानका लागि मौन रहनु बेस होला। बलजफ्तीले लक्ष्यमा पुग्न समस्या पर्नेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** बुद्धिको उपयोगले काम लिने चेष्टा गर्नुहोला। व्यवसायमा बाधा पुग्नेछ भने अरूका लागि बुद्धि खर्चनुपर्ने देखिन्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** व्यवसायभन्दा सेवामूलक कामबाट राम्रो उपलब्धि प्राप्त हुनेछ । तत्काल ठूलो फाइदा नदेखिएकाले लाभ उठाउन हतार नगर्नुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** परिस्थितिवश आँटेको काम रोकिन सक्छ । खानपानको सोखले स्वास्थ्य पनि प्रतिकूल बन्न सक्छ । अवसरका साथ केही चुनौती पनि देखा पर्नेछन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** प्रयत्न गर्दा भैपरी आउने समस्या समाधान हुनेछन् । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** पहिलेको सफलताले हौसला प्रदान गर्नेछ । आफ्नो स्वामित्वका वस्तुमा भने अरूले दाबी गर्न सक्छन् ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** छिमेकमा असमझदारी बढ्ने देखिएकाले होशियारीसाथ काम लिनुहोला। फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ । लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आफ्नाबाट भने टाढिनुपर्ने हुन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** केही खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ। लगानी बढाउनुपरे पनि प्रतीक्षित नतिजाले उत्साह भने जगाउनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** आँटले काम बन्नेछ भने आम्दानीले उत्साह जगाउनेछ। श्रमको उचित मूल्यांकन हुनाले राम्रै प्रतिफल हातलागी हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । सट्टापट्टा, लेनदेन आदिमा मनग्गे फाइदा हुनेछ । मिहिनेतले लक्ष्यमा पुर्‍याउनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** विभिन्न स्रोत-साधन जुट्नेछन् र धन संग्रह पनि हुनेछ । व्यापारमा थन्किएका वस्तु बिक्री हुनेछन् र अड्किएको रकम उठ्नेछ ।